प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

कार्यक्षेत्र: कपिलवस्तु, अर्घाखाँची

०७६-५६००२१/५६१०४१
ईमेल:vet.hospkapilvastu@gmail.com

प.सं.:०७६/०७७
च.नं.: २१५

मिति: २०७६/०९/२७

विषय: सूचना सम्वन्धमा।

श्री कृषि ज्ञान केन्द्र, कपिलवस्तु / अर्घाखाँची
श्री कोष तथा लेखा नियन्त्रण कार्यालय, कपिलवस्तु / अर्घाखाँची
श्री मालपोत कार्यालय, कपिलवस्तु / अर्घाखाँची
श्री नापी कार्यालय, कपिलवस्तु / अर्घाखाँची
श्री उद्योग वाणिज्य संघ, कपिलवस्तु / अर्घाखाँची
श्री घरेलु उधोग कार्यालय, कपिलवस्तु / अर्घाखाँची
श्री प्रधानमन्त्री कृषि अधुनिकिकरण परियोजना, धान सुपरजोन, बाणगंगा, कपिलवस्तु
श्री प्रधानमन्त्री कृषि अधुनिकिकरण परियोजना, बाख्रा जोन, अर्घाखाँची ।

उपरोक्त सम्बन्धमा भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, कपिलवस्तुको अ.व. ०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सूचनामा उल्लेखित अनुदानमा संचालित कार्यक्रमहरूको मिति २०७६/०९/२७ मा प्रकाशित सूचना यसै पत्र साथ संलग्न राखि पठाईएको छ । उक्त सूचना, सूचना पाटीमा टाँस तथा मातहतका निकायमा समेत जानकारी गराई प्रचार प्रसारमा सहयोग गरि सोको जानकारी पठाई सहयोग गरि दिनुहुन हार्दिक अनुरोध छ ।

२०७६/९/२६

श्रवण कुमार चौधरी
वरिष्ठ मत्स्य विकास अधिकृत

श्रवण कुमार चौधरी
वरिष्ठ मत्स्य विकास अधिकृत

बोधार्थ
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ५, बुटवल ।
श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
प्रदेश नं. ५ जानकी नगर, बुटवल ।

## ख. मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रम

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र कपिलवस्तुको आ.व.२०७६/०७७ को स्विकृत वार्षिक कार्यक्रम अनुसार तालिकामा उल्लेखित मत्स्य सम्बन्धि अनुदानका कार्यक्रमहरू:

| क्र. सं. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी अनुदान | दर्ता गर्ने अन्तिम मिति | मापदण्ड |
|---|---|---|---|---|---|
| १ | प्राकृतिक जलाशय मर्मत सम्भार<br>निजि ठेकेदार/समूह/समिति/सहकारी | १५ हेक्टर | रु.१ लाख प्रति हेक्टर (५०%) | सूचना प्रकाशन भएको मितिले १५ दिन सम्म | • जलाशय गहिराउने/डिल/पानीको प्रवेश तथा निकास द्वारको मर्मत सम्भारको साथै सरसफाई |
| २ | जिउँदो माछा बिक्रि वितरण स्टल निर्माण/सुधार<br>निजि व्यवसायी/समूह /समिति/ सहकारी | २ वटा | रु.४ लाख प्रति स्टल (५०%) | सूचना प्रकाशन भएको मितिले १५ दिन सम्म | • दैनिक कम्तिमा ५० किलो माछा बिक्रि वितरण गरी रहेको वा गर्नु पर्नेछ ।<br>• शहरी क्षेत्रको प्रमुख बजारमा केन्द्रित हुनुपर्ने । |
| ३ | विपन्न वर्गका लागी साना पोखरी निर्माण तथा निःशुल्क माछा भुरा वितरण | ५० वटा/ ५० हजार | रु.१० हजार प्रति पोखरी | सूचना प्रकाशन भएको मितिले १५ दिन सम्म | • पोखरीको जलाशय २०० वर्ग मीटर तथा गहिराई ४ फिट हुनु पर्नेछ ।<br>• तराईमा ५ कठ्ठा तथा पहाडको हकमा ३ रोपनी भन्दा कम जग्गा भएको, परिवारको कुनै पनि सदस्य सरकारी/गैह्र सरकारी संघ/संस्थामा रोजगारी नभएको, पारिवारिक मासिक आम्दानी रु.१०००० (दश हजार) भन्दा कम भएको व्यहोरा सहितको स्थानीय तहको सिफारिस पत्र |
| ४ | अनुदानमा एरेटर वितरण<br>कृषक/समूह/समिति/सहकारी | २० वटा | रु.६० हजार प्रति वटा (५०%) | सूचना प्रकाशन भएको मितिले ३० दिन सम्म | • ५ कठ्ठा भन्दा बढि जलाशयमा माछा पालन गरेको हुनुपर्नेछ ।<br>• व्यवसायिक वा सघन प्रविधि गरि रहेको वा गर्ने । |
| ५ | नयाँ पोखरी निर्माण<br>कृषक/निजि व्यवसायी/समूह/समिति/ सहकारी | १५ हेक्टर | रु.३ लाख प्रति हेक्टर जलाशय | सूचना प्रकाशन भएको मितिले ३० दिन सम्म | • ३ कठ्ठा भन्दा माथी जलाशय कायम हुने गरी नयाँ पोखरीको निर्माण गर्नुपर्ने ।<br>• पानीको स्थायी श्रोत तथा अन्य सुविधा हुनु पर्नेछ । |

प्रस्ताव पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु

१.नेपाली नागरीकताको छाया प्रति

२. अनुसूची-२ अनुसारको ढाँचामा निवेदन

३. अनुसूची-४ अनुसार विस्तृत व्यवसायीक कार्य योजना सहितको प्रस्ताव

४. जग्गाको स्वामित्व देखिने कागजात, लालपुर्जाको प्रतिलिपी (भाडामा भए १० वर्षको सम्झौता-पत्रको छायाँप्रती)

५.स्थानीय तह आधिकारीक निकायमा दर्तागरेको प्रमाण-पत्रको छायाँप्रती ।

६ PAN/VAT मा दर्ता भएको प्रमाण-पत्र, नविकरण तथा कर चुक्ताको छायाप्रती

७ प्रस्तावकले कम्तिमा ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र

८ लगानीको श्रोत बैंक स्टेटमेण्ट वा बैंकको सिफारीस संलग्न गर्ने

९.प्रस्तावअनुसारको डिजाईन तथा लागत अनुमान

१०.आवश्यकता अनुसार प्राविधिक सिफारिस

प्रस्तावनाको ढाँचा प्राप्त हुने तथा प्रस्ताव दर्ता गर्ने स्थानहरु

- प्रस्तावनाको ढाँचा विज्ञ केन्द्र तथा सम्पर्क केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।
- भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र, कपिलवस्तु तथा जिल्ला सम्पर्क केन्द्र, अर्घाखाँची

थप जनकारीका लागि

- कार्यालयमा सम्पर्क राखी वा फोन सम्पर्क: कपिलवस्तु ०७६५६००२१ /५६१०४१, अर्घाखाँची: ०७७४२००७२